# लेखक/सम्पादक परिचय

**लेखक**

**अनन्त कोइराला** मदन पुरस्कार पुस्तकालयसँग सम्बन्धित अनुसन्धानकर्ता हुन् ।

**कैलाश राई** मार्टिन चौतारीकी अनुसन्धानकर्ता हुन् । उनको सह-संकलनमा *राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ* (२०६६) प्रकाशित छ ।

पत्रकारितामा करिब तीनदशकदेखि सक्रिय **घमराज लुइँटेल**ले पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर गरेका छन् । हाल उनी मिडिया एकेडेमीका अध्यक्ष र रत्नराज्यलक्ष्मी क्याम्पस तथा मदन भण्डारी मेमोरियल कलेजमा पत्रकारिता अध्यापनरत छन् । उनको लेखन तथा सम्पादनमा मिडियासँग सम्बन्धित पाँच पुस्तक र झन्डै एक दर्जन फुटकर लेख प्रकाशित छन् ।

**तीर्थ विष्ट** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-संकलनमा *तराई-मधेस सन्दर्भ ग्रन्थ* (२०६६) प्रकाशित छ ।

**दीपक अर्याल** मदन पुरस्कार पुस्तकालयसँग सम्बन्धित अनुसन्धानकर्ता हुन् । उनले *बहाः* जर्नलमा सह-सम्पादकका रूपमा काम गरेका थिए ।

**रमेश पराजुली** चौतारीसँग सम्बद्ध इतिहासमा रूचि राख्ने समाजशास्त्री हुन् । उनले पुस्तकालय, नागरिक समाज, राजनीतिक पार्टीहरू र मिडिया सम्बन्धमा विभिन्न अध्ययन गरेका छन् । पछिल्लो पटक उनको सह-सम्पादनमा *अटोक्रेटिक मोनार्की : पोलिटिक्स इन पञ्चायत नेपाल* (सन् २०१२) प्रकाशित छ ।

**रमेश राई** मार्टिन चौतारीसँग सम्बद्ध अनुसन्धानकर्ता हुन् । उनले शिक्षा, राजनीति, मिडिया आदि विषयमा विभिन्न अध्ययन गरेका छन् ।

मार्टिन चौतारीसँग सम्बद्ध **रोजिना सिटौला** त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर हुन् ।

**विनयकुमार कसजू** राष्ट्रिय सूचना आयोगमा वि.सं. २०६५ जेठ देखि २०६९ साउनसम्म प्रमुख सूचना आयुक्त थिए । पाल्पाबाट प्रकाशित *गाउँले देउराली* साप्ताहिकका संस्थापक सम्पादक कसजूको लेखन तथा सम्पादनमा सामुदायिक संचार र बालसाहित्य विधामा गरी दुई दर्जन पुस्तकहरू प्रकाशित छन् ।

**शमिक मिश्र** मदन पुरस्कार पुस्तकालयसँग सम्बन्धित अनुसन्धानकर्ता हुन् ।

**शिव रेग्मी** साहित्यिक इतिहासका अध्येता हुन् । *खोजी र नीति* (२०६९), *अतीतका पाना* (२०६३) लगायत उनका साहित्य र पत्रकारितासम्बन्धी डेढ दर्जन पुस्तक प्रकाशित छन् ।

**सम्पादक**

**अर्जुन पन्थी** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-लेखनमा *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (२०६७) प्रकाशित छ ।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाई**को सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी नौओटा पुस्तक प्रकाशित छन् । नेपालका स्वतन्त्र रेडियोसम्बन्धी अनुसन्धानमा उनको विशेष रुचि छ ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलका सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित डेढ दर्जन बढी पुस्तक प्रकाशित छन् ।

**शेखर पराजुली** मार्टिन चौतारीका सदस्य हुन् । उनको लेखन, सह-लेखन, सम्पादन तथा सह-सम्पादनमा नेपाली मिडियाबारे नौओटा पुस्तक प्रकाशित छन् ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आवद्ध अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादन तथा सह-लेखनमा तीनओटा पुस्तक प्रकाशित छन् ।

## मार्टिन चौतारी पुस्तकालयको अनुरोध

मिडियासम्बन्धी निश्चित विषयका सामग्रीहरूको व्यवस्थित संग्रह एकै स्थानमा छैन । त्यसैले मार्टिन चौतारीले आफ्नो ध्यान मिडियासम्बन्धी स्रोत सामग्रीहरूको संकलन र व्यवस्थापन गर्ने कार्यमा केन्द्रित गरेको छ । मिडियासम्बन्धी सकेसम्म धेरै भन्दा धेरै सामग्री संग्रह गरी व्यवस्थित किसिमले तिनको भण्डारण गर्ने र पाठक, सञ्चारकर्मी, अध्येता तथा अनुसन्धाताका लागि सर्वसुलभ बनाउन **मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर**को स्थापना भएको छ । यो पुस्तकालय २०६३ साउन २० देखि सर्वसाधरणका लागि खुला गरिएको हो ।

यहाँ अन्य विषयका अतिरिक्त मिडियासम्बन्धी पुस्तक, स्मारिका, जर्नल, म्यागेजिन, प्रतिवेदन, शोधपत्र, कार्यपत्र आदि संकलित छन् । २०६९ चैत सम्म यस पुस्तकालयमा मिडियासम्बन्धी करिब ३ हजार २०१ पुस्तकको संग्रह छ । नेपालभित्र र बाहिरको मिडियाबारे लेखिएका विश्लेषणमूलक तथा अनुसन्धानमूलक फुटकर लेखहरू १ हजार ३८३, कार्यपत्र (सेमिनार पेपर) २८३, शोधपत्र १७८ तथा २३५ ओटा अप्रकाशित प्रतिवेदन यस पुस्तकालयमा संकलन भइसकेका छन् । त्यसबाहेक मिडियाबारे केही स्मारिका, केही जर्नल र म्यागेजिन, केही अडियो क्यासेटहरू पनि यहाँ संगृहीत छन् । अध्येता/अनुसन्धाताका लागि इन्टरनेट प्रयोगको सुविधा पनि यस पुस्तकालयमा निःशुल्क उपलब्ध छ ।

तपाईंसँग पनि मिडियाबारे ऐतिहासिक महत्त्वका यस्ता सामग्रीहरू (जस्तै : पुस्तक, स्मारिका, लेख, कार्यपत्र, शोधपत्र, जर्नल आदि) हुन सक्छन् । त्यस्ता सामग्रीहरू सार्वजनिक उपयोगका लागि यस केन्द्रलाई सहयोगस्वरूप उपलब्ध गराउनुभए हामी आभारी हुनेछौँ ।

**मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर**
२७ जीतजंग मार्ग, थापाथली, काठमाडौँ, नेपाल
पोस्ट बक्स १३४७०; फोन नं. ४२३८०५०, ४२४०२४३ फ्याक्स ४२४००५९
इमेल : chautari@mos.com.np
वेवसाइट : http://www.martinchautari.org.np